मुक्तिनाथ दर्शन सेवा

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



पोखरा साइडसिन सेवा

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क १५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ माघ १५ गते बिहीबार ❑ 29 Jan. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## भदौ २३ को घटनामा मैले गोली चलाउने आदेश दिएको होइन : अध्यक्ष ओली

**रासस**
काठमाडौं, १४ माघ

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष एवं तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले गत भदौ २३ गते भएको दुःखद् घटनामा प्रधानमन्त्रीका हैसियतमा आफूले गोली चलाउने आदेश नदिएको स्पष्ट पार्नुभएको छ।

उहाँले संविधानले कुनै पनि प्रधानमन्त्रीलाई नागरिकमाथि गोली चलाउन आदेश दिने अधिकार नदिएको उल्लेख गर्दै आफूले यस्तो आदेश कहिल्यै नदिएको र दिन नसक्ने बताउनुभएको छ । उक्त घटनाबारे सामाजिक सञ्जालबाट स्पष्टीकरण दिँदै अध्यक्ष ओलीले घटनापछि तत्कालै पूर्वन्यायाधीशको नेतृत्वमा छानबिन आयोग गठन गरिएको बताउनुभएको छ । घटनामा ज्यान गुमाएका १९ जना नानीबाबुहरूप्रति अध्यक्ष ओलीले गहिरो श्रद्धाञ्जली व्यक्त गर्नुभएको छ । उहाँले उक्त घटना आफ्ना लागि पनि गहिरो पीडाको विषय बनेको बताउनुभएको छ।

सरकारले प्रारम्भमा घुसपैठको सम्भावना देखेर माइतीघरमा प्रदर्शन रोक्ने निर्णय गरे पनि शान्तिपूर्ण सभाका लागि युवाले अनुमति मागेपछि प्रशासनले सहजै अनुमति दिएको अध्यक्ष ओलीको भनाइ छ । माइतीघरमा बिहान सुरु भएको जेनजी युवाको प्रदर्शन पूर्ण रूपमा शान्तिपूर्ण रहेको र त्यहाँ न गोली चलेको न लाठीचार्ज भएको उहाँले स्पष्ट पार्नुभएको छ । करिब मध्याह्नतिर केही घुसपैठकारी समूहले प्रदर्शनकारी युवालाई घेरेर निषेधित क्षेत्रतर्फ लैजान थालेको अध्यक्ष ओलीको दाबी छ। आयोजकले पटकपटक घुसपैठ भएको भन्दै घर फर्किन आग्रह गरे पनि योजनाबद्ध रूपमा बालबालिका तथा विद्यालय पोशाकमा रहेका नानीबाबुलाई अगाडि राखेर संसद् भवनतर्फ लगेको उहाँको भनाइ छ । अध्यक्ष ओलीका अनुसार संसद् भवनअघि आगजनीको प्रयास र विस्फोटक पदार्थ प्रयोग भएपछि अवस्था 'आन्दोलन'को नभई 'राज्यविरुद्धको आक्रमण'को तहमा पुगेको हो। संसद् भवनभित्र सुरक्षा निकायमाथि प्रत्यक्ष आक्रमण भएपछि कानुनअनुसार बल प्रयोग गर्नुपरेको उहाँले बताउनुभयो । अध्यक्ष ओलीले लेख्नुभएको छ, "यदि सुरक्षाकर्मीले आफ्ना हतियार खोसिन दिएका भए के हुन्थ्यो ? संसद् भवन जलेको भए देशले कस्तो क्षति भोग्नुपर्थ्यो ?" विस्फोटक सामग्रीसहित आएका समूहहरूको उद्देश्य अराजकता फैलाउने रहेको कुरा पछिल्ला घटनाले पुष्टि गरेको अध्यक्ष ओलीको भनाइ छ। भदौ २४ गते भएको विध्वंशतर्फ सङ्केत गर्दै उहाँले आफ्नो राजीनामापछि नै सिंहदरबार, राष्ट्रपति भवन र सर्वोच्च अदालतजस्ता राष्ट्रिय धरोहरमा आगजनी भएको स्मरण गराउनुभएको छ । प्रधानमन्त्रीले विश्वका सबै देशमा प्रमुख संवैधानिक अङ्गहरूको सुरक्षा कानुनअनुसार हतियारसहित गरिने उल्लेख गर्दै सुरक्षाकर्मीले सरकारको होइन, कानुनको सपथ लिने बताए। त्यस दिन पनि गोली सरकारको आदेशमा नचलेको उनको स्पष्टीकरण छ । अध्यक्ष ओलीले सामाजिक सञ्जालमा फैलाइएका भ्रामक प्रचारमा नलाग्न नागरिकलाई आग्रह गर्दै शान्तिपूर्ण प्रदर्शनबाट युवाहरूलाई संसद् भवनजस्तो संवेदनशील क्षेत्रमा कसले, किन र कसरी पुऱ्यायो भन्ने प्रश्नको उत्तर खोज्नुपर्ने बताउनुभएको छ।

## धन र सागरलाई टंकादेवी–तुलसीप्रसाद पत्रकारिता पुरस्कार अर्पण

**पोखरापत्र संवाददाता**
पोखरा, १४ माघ



पोखराका पत्रकार धन बस्नेत र सागरराज तिमिल्सिनालाई टंकादेवी-तुलसीप्रसाद पत्रकारिता पुरस्कार अर्पण गरिएको छ।

नेपाल पत्रकार महासंघ कास्कीले प्रदान गर्ने उक्त पुरस्कार २०८१ बाट बस्नेत र २०८२ बाट तिमिल्सिना पुरस्कृत भएका हुन । गण्डकी विश्व बिद्यालयका कुलपति प्रा.डा. इन्द्रप्रसाद तिवारीले उनीहरुलाई सम्म्मान गरेका हुन् । कार्यक्रममा बोल्दै उनले पुरस्कार राषि र आर्थिक दृष्टिले थोरै भए पनि पुरस्कारको गरिमा र यसले सामाजिक रुपमा पार्ने प्रभाव धैरै महत्वपूर्ण हुने उनले जनाए । पत्रकार महासंघ कास्कीका अध्यक्ष माधव बरालको अध्यक्षतामा सम्पन्न भएको र्यक्रममा पुरस्कार दाता सुवर्ण कोइराला, पुरस्कृत बस्नेत र तिमिल्सिना, महासंघ कास्कीका सचिव भूपाल गुरुङ, प्रेस सेन्टर कास्कीका अध्यक्ष दीननाथ बराल लगायतले पुरस्कारको बारेमा चर्चा गरे । नारायण कार्की संयोजक रहेको प्रतिक्षा छनोट समितिले छनोट गरेको नाम महासंघ कास्कीको कार्यसमिति बैठकले अनुमोदन गरेको हो। समितिका सदस्यमा राजेन्द्र अधिकारी, मोतिसागर अधिकारी, माधवप्रसाद बराल र भूपाल गुरुङ थिए । टंकादेवी-तुलसीप्रसाद पत्रकारिता पुरस्कारको राशी नगद २५ हजार १११ रहेको छ। हुनु भएको बस्नेत खेलाडीन्यूज डटकम र टक्सार म्यागाजिनमा आवद्ध छन्। २०६० सालमा नेपाल समाचारपत्रबाट पत्रकारिता सुरु गरेका उनले नागरिक दैनिकमा काम गरेको अनुभव छ । बस्नेतले यसअघि सहारा खेलकुद पुरस्कार २०६४ र जिल्ला खेलकुद विकास समिति, कास्कीले प्रदान गर्ने उत्कृष्ट खेल पत्रकार पुरस्कार प्राप्त गरिसकेका छन् । अर्का सम्मानीत पत्रकार तिमिल्सिना एपिवान टिभी र क्लिक गण्डकीमा आवद्ध छन् । २०५९ सालदेखि समाधान राष्ट्रिय दैनिकबाट पत्रकारिता सुरु गरेका तिमिल्सिनाले पोखरा एफएम, रेडियो तरङ्ग, उज्यालो रेडियो नेटवर्क, विग एफएम, एभिन्यूज, सेतोपाटी, गनथन डटकममा काम गरिसकेका छन्।

तिमिल्सिनाले यसअघि सहारा पत्रकारिता पुरस्कार, जिल्ला खेलकुद विकास समिति, कास्कीले प्रदान गर्ने खेलकुद अवार्ड र रेवान पोखराले प्रदान गर्ने पर्यटन पत्रकारिता पुरस्कार प्राप्त गरिसकेका छन्।

## हिमपातपछि माथिल्लो मुस्ताङको जनजीवन प्रभावित

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १४ माघ



मङ्गलबार रातिदेखि परेको भारी हिमपातका कारण माथिल्लो मुस्ताङको जनजीवन प्रभावित भएको छ। माथिल्लो मुस्ताङमा यसवर्ष परेको हिउँ तेस्रो पटकको हो।

माथिल्लो मुस्ताङको लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकामा दुई फिट बढी हिउँ परेको जिल्ला प्रशासन कार्यालय मुस्ताङले जनाएको छ।

यसैगरी यहाँको तल्लो मुस्ताङमा वर्षासँगै हिमपात भएको छ। माथिल्लो मुस्ताङको लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकामा बस्ती र उच्चलेंकमा भारी हिमपात भएको हो । एक्याप लोमान्थाङका कर्मचारी सलिना नेपालीले लोमान्थाङमा बस्तीमै दुई फिट हिउँ परेको बताउँनुभयो। "भारी हिमपातका कारण यहाँको जनजीवन निकै कष्ठकर छ, बस्तीभित्र बाक्लो हिउँ जमेकाले बाहिर निस्कन सक्ने अवस्था छैन", कर्मचारी नेपालीले भन्नुभयो, "घरका धाराहरू सबै जमेका छन्, हिउँकै पानी तताएर खानेकुरा पकाएर खानुपर्ने अवस्था छ, पशु गोठाला र स्थानीय नागरिकलाई निकै ठूलो समस्या देखिएको छ ।" भारी हिमपातका कारण स्थानीय नागरिकको घर माथिको छतमाथि बाक्लो हिउँ थुप्रिएकाले यहाँका परम्परागत घर चुहिने भत्किने जोखिम बढेको सशस्त्र प्रहरी निरीक्षक सुरज श्रेष्ठले जानकारी दिनुभयो । कोरलास्थित सीमा सुरक्षाका लोमान्थाङ-२ न्हेचुङ छोसेरमा बसेका बिओपी सशस्त्र प्रहरीको सुरक्षाकर्मीको टोलीले स्थानीयवासीका केही घरमाथि थुप्रिएको हिउँ पन्छ्याइको सशस्त्र प्रहरी निरीक्षक श्रेष्ठको भनाइ छ।

यसैगरी मङ्गलबार राति परेको भारी हिमपातका कारण जोमसोम-कोरला सडक र कागबेनी-मुक्तिनाथ सडक खण्ड पूर्णरूपमा अवरुद्ध रहेको जिल्ला प्रहरी कार्यालय मुस्ताङले जनाएको छ । हिमपातका कारण सडक अवरुद्ध भएसँगै दर्जनौं सवारीसाधन मुस्ताङको कागबेनीमै राकिएको प्रहरी नायब उपरीक्षक छिरिङ किप्पा लामाले जानकारी दिनुभयो।

यता जिल्ला प्रशासन कार्यालय मुस्ताङले सूचना प्रकाशित गरी हिमपातका कारण यात्रा जोखिम हुने भएकाले उच्च सर्तकता अपनाउन यात्रुलाई अनुरोध गरेको छ। कोरला सडक, मुक्तिनाथ सडक अवरुद्ध भएको र मुस्ताङ-डोल्पा सडक, मनाङ मुस्ताङ पदमार्ग, मनाङ-मुस्ताङ सरिबुङ पदमार्ग, मुस्ताङ-मनाङ मेसोकोन्दो पदमार्ग, धौलागिरि पदमार्ग अन्तर्गत धम्पुस पिक पदमार्ग लगायतका स्थानमा तत्काल यात्रा नगर्न नगराउन हुन पदयात्रीलाई अनुरोध गरिएको छ।

## निजी क्षेत्रका एजेण्डालाई प्राथमिकतामा राखियोस् : अध्यक्ष ढकाल

**पोखरापत्र संवाददाता**
वालिङ, १४ माघ

नेपाल उद्योग वाणिज्य महासङ्घका केन्द्रीय अध्यक्ष चन्द्रप्रसाद ढकालले राजनीतिक दलले तयार गर्ने घोषणापत्रमा निजी क्षेत्रका एजेण्डालाई प्राथमिकता दिनुपर्नेमा जोड दिनुभएको छ।

बुधबार यहाँको वालिङमा वालिङ उद्योग वाणिज्य सङ्घले आयोजना गरेको नवौं वालिङ महोत्सवको उद्घाटन समारोहलाई सम्बोधन गर्दै उहाँले निजी क्षेत्रका एजेण्डालाई सबै राजनीतिक दलले


बाँकी अन्तिम पृष्ठमा ▶▶



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१


## तनहुँमा चार हजार बढी जनशक्ति परिचालन हुने

**पोखरापत्र संवाददाता**
तनहुँ, १४ माघ

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि तनहुँमा चार हजार बढी जनशक्ति परिचालन गरिने भएको छ।

निर्वाचनलाई सुरक्षित, मर्यादित र भयरहित बनाउन दुई हजारदेखि दुई हजार २०० सम्म सुरक्षाकर्मी र सोही सङ्ख्यामा निजामती कर्मचारी परिचालन गर्न लागिएको हो।

निर्वाचनका लागि हाल तोकिएको भन्दा थप जनशक्ति आवश्यक परेमा विद्यालयका शिक्षकलाई परिचालन गर्न सकिने प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीले जानकारी दिनुभयो । उहाँका अनुसार मतदानस्थलको मुख्य निर्वाचन अधिकृत, सुरक्षा निकायलगायत सम्बद्ध निकायबाट सघन रूपमा 'मनिटरिङ' कार्य भइरहेको छ । उहाँले भन्नुभयो, "प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकलाई फोकल प्वाइन्ट तोकेर जिल्लामा हुने राजनीतिक दलको कार्यक्रम एकैचोटी नपरोस् भनी सोहीअनुरूप व्यवस्थापन मिलाइएको छ।"

जिल्लाका सबै तहका वडा र पालिकामा निर्वाचन आचारसंहिता मतदान केन्द्र, सुरक्षा नीति, मतदाता शिक्षालगायत विषयमा अन्तरक्रिया गरिने प्रजिअ तिवारीले बताउनुभयो । तनहुँमा ३०९ मतदान केन्द्रमध्ये आठ वटा मतदान केन्द्र अतिसंवेदनशील सूचीमा राखिएको छ । उक्त अतिसंवेदनशील केन्द्रमा विशेष सुरक्षा व्यवस्था लागू गरिने जिल्ला प्रशासन कार्यालयले जनाएको छ । जिल्ला सुरक्षा समितिले निर्माण गरेको निर्वाचन केन्द्रित एकीकृत सुरक्षा योजनाअनुसार अतिसंवेदनशील मतदान केन्द्र निर्धारण गरिएको प्रजिअ तिवारीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "निर्वाचन शान्तिपूर्ण, निष्पक्ष र भयमुक्त वातावरणमा सम्पन्न गराउनु प्रहरी प्रशासनको मुख्य दायित्व हो। जिल्लामा १० वटा स्थानीय तह रहेका छन् भने दुई लाख ५४ हजार ३९७ मतदाता कायम भएका छन्।

तनहुँका लागि आवश्यक सङ्ख्या एक हजार ५७३ जना राखेर बाँकी रहेका १९६ जनामध्ये बढीमा १६० जनासम्म पठाउने योजना रहेको तनहुँका प्रहरी प्रमुख प्रहरी उपरीक्षक टेकबहादुर कार्कीले बताउनुभयो। जिल्लामा आवश्यकताभन्दा बढी भर्ना छनोट भएका वैकल्पिक निर्वाचन प्रहरीलाई अपुग देखिएका जिल्लामा पठाएर सहयोग गर्न लागेका हौं, उहाँले भन्नुभयो।

# टाइगर कप भलिबल : न्यू डायमण्ड र पुलिस फाइनलमा

पोखरापत्र संवाददाता
पोखरा, १४ माघ

पोखरामा जारी छैटौं संस्करणको टाइगर कप राष्ट्रिय तथा अन्तरराष्ट्रिय आमन्त्रित क्लब च्याम्पियनसिप भलिबल प्रतियोगिताको फाइनलमा न्यू डायमण्ड स्पोर्टस् क्लब र नेपाल पुलिस क्लब भिड्ने भएका छन् ।

महिलातर्फ न्यू डायमण्ड क्लबले बुधबार थाइल्याण्ड क्विन्सलाई सोझो सेटमा पराजित गरेसँगै नेपाल पुलिस क्लब फाइनलमा प्रवेश गरेको हो । पोखरा रङ्गशालास्थित बहुउद्देश्यीय कभर्डहलमा जारी आजको दोस्रो खेलमा न्यू डायमण्डले थाइल्याण्डलाई ३-० को सोझो सेटमा पराजित गऱ्यो । न्यू डायमण्डले पहिलो सेट २५-२१, दोस्रो सेट २५-२३ र तेस्रो सेट २५-२० ले आफ्नो



पक्षमा पारेको हो । न्यू डायमण्ड अपराजित रहँदै यसअघि नै फाइनलमा पुगिसकेको छ ।

थाइल्याण्ड पराजित भएसँगै चार खेलबाट सात अङ्क जोडेको पुलिस फाइनलमा प्रवेश गरेको हो । थाइल्याण्डले चार खेलबाट ६ अंङ्क प्राप्त गऱ्यो । अब महिलातर्फको उपाधिका लागि न्यू डायमण्ड र नेपाल पुलिस क्लब भिड्नेछन् ।

तेस्रो स्थानका लागि थाइल्याण्ड क्विन्स र सशस्त्र प्रहरी बल एपीएफबीच प्रतिस्पर्धा हुनेछ । तेस्रो स्थानका लागि बिहीबार र फाइनल खेल माघ १७ गते हुनेछ । प्रतियोगितामा पुरुषतर्फ छ र महिलातर्फ पाँच टोली सहभागी छन् । 'सिङ्गल राउण्ड रोविन'का आधारमा खेलाइएको प्रतियोगितामा शीर्ष दुईमा रहने टोली उपाधिका लागि भिड्ने छन् ।

प्रतियोगितामा महिला तथा पुरुष च्याम्पियन हुने टोलीले समान नगद रु छ लाख ६६ हजार ६६६, ट्रफी र मेडल पुरस्कार प्राप्त गर्नेछन् । उपविजेताले नगद रु तीन लाख ६६ हजार ६६६ तथा तेस्रो हुने टोलीले नगद रु एक लाख ६६ हजार ६६६ प्राप्त गर्ने आयोजक टाइगर ग्रुपका सचिव डिवी नेपालीले जानकारी दिनुभयो ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले नगद रु २६ हजार ६६६ प्राप्त गर्दा अन्य विधागत महिला तथा पुरुष उत्कृष्ट हुने खेलाडीले समान नगद रु ११ हजार ६६६ का साथमा ट्रफी र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

# जिल्ला समन्वय समिति कास्कीको स्वास्थ बिमा सम्बन्धी अन्तर्क्रिया

पोखरापत्र संवाददाता
पोखरा, १४ माघ

जिल्ला समन्वय समिति कास्कीले स्वास्थ बिमा सम्बन्धि सरोकारवालाहरूसंग अन्तर्क्रीया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रमको जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले उद्घाटन गर्नुभएको थियो । प्रमुख पौडेलले स्वास्थ्य बिमा बोर्डको संरचनागत सुधार, कमजोर दाबी ब्यबस्थापनको सबलिकरण, अस्पतालहरूको सुदृढीकरण, औपचारिक क्षेत्रको सक्रिय सहभागीता, सामाजिक सुरक्षाका छरिएका कार्यक्रमको एकीकृत ब्यबस्थापन र नेपाल सरकारको अपनत्वमा वृद्धि जस्ता कार्य तत्काल गर्नुपर्ने आबश्यकता देखिएको उल्लेख गर्नुभयो । स्वास्थ्य सेवा प्रदायक संस्था र सेवा उपलब्धताका गुणस्तर निरन्तर वृद्धि गर्नुपर्ने भन्दै जन गुनासोको समयमै सम्बोधन गर्न आग्रह गर्नु भयो । सूचना प्रणालीको सुदृढीकरण, अस्पतालमा इ एम आर लागू गर्नु पर्ने, सेवाको गुणस्तर तोक्ने र नियमन गर्नुपर्ने, आधारभुत अस्पताललाई बिमाबाट हटाउनुपर्ने, स्वास्थ बिमा ऐनको पूर्ण कार्यान्वयन हुनु पर्ने, प्रीमियम समयानुकूल बनाएर सुबिधा थप गर्नुपर्ने, प्रथम सेवा बिन्दुको अबधारणा हटाउनु पर्ने जस्ता सुझाव प्राप्त भएको भन्दै सुधारका लागि तिनै तहका सरकार गम्भीर हुनुपर्ने उल्लेख गर्नुभयो । स्वास्थ बिमामा बिषयमा गुणस्तरीयताका सम्बन्धमा प्राप्त जनगुनासोको सम्बोधन गर्दै थप ब्यबस्थित बनाउनेतर्फ स्वास्थ्य बिमा बोर्ड, सेवा प्रदायक स्वास्थ संस्था र सम्बन्धित सरकारी कार्यालयको प्रभाबकारी समन्वय जरुरी देखिएकोले तत्काल कार्ययोजना बनाउन आग्रह गर्नुभयो । कार्यक्रममा स्वास्थ बिमा कार्यक्रमका बर्तमान अवस्था र चुनौती बिषयमा गण्डकी प्रदेश सरकार चिकित्सा सेवा महाशाखा प्रमुख डा.रमेश कुमार के सि ले अबधारणामुलक प्रतिबेदन प्रस्तुत गर्नुभएको थियो । डाक्टर के. सि. ले कास्कीमा ५० प्रतिसत जनसंख्याले स्वास्थ्य बिमाको सेवा प्राप्त गरेको जानकारी दिदै प्रथम सेवा बिन्दु र प्रेषित बिमारीको उपचार गर्ने संस्था बिच उपयुक्त संयोजन र समन्वय कार्य गुणस्तरीय बनाउनेतर्फ केन्द्रित भएको उल्लेख गर्नुभयो । उहाँले स्वास्थ बिमा क्षेत्रमा भएका कमि कमजोरी निराकरणमा प्रतिबद्धताका साथ काम गरिरहेको उल्लेख गर्नुभयो ।

स्वास्थ्य बिमा बोर्ड गण्डकी प्रदेश संयोजक जिबलाल खरेलले नागरिक समाजका अगुवा रामबहादुर पौडेल, सहितले स्वास्थ्य बिमाका सम्बन्धमा आफ्नो धारणा प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा नेपाल बिमा प्राधिकरण, स्वास्थ बिमा बोर्ड, कास्कीस्थित सरकारी तथा निजि स्वास्थ्य संस्थाका प्रमुख तथा प्रतिनिधि, सेवाग्राही र सरोकारवालाहरूको उपस्थिति रहेको थियो । जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रमको संचालन जिल्ला समन्वय अधिकारी नवराज बरालले गर्नुभएको थियो ।

# प्रदेश युवा परिषद् बनाउन सरोकारवालाहरुको जोड

पोखरापत्र संवाददाता
पोखरा, १४ माघ

राष्ट्रिय युवा नीति २०८२ र आगामी युथ भिजनका लागि प्रादेशिक कार्यशाला हालै पोखरामा सम्पन्न भएको छ ।

जागृति बाल तथा युवा सरोकार नेपालले ब्रिटिस काउन्सीलको सहयोग र राष्ट्रिय युवा परिषद्को सहकार्यमा सम्पन्न कार्यशालाका सहभागीहरुले युवा सहभागिता अभिवृद्धि गर्नुपर्ने जोड दिए । त्यसै गरी युवा मैत्री शासन अभिवृद्धिका लागि नेपालका अन्य प्रदेशहरुमा जस्तै गण्डकी प्रदेशमा समेत प्रदेश युवा परिषद् बनाउन युवा सरोकारवालाहरुले जोड दिएका छन् । कार्यक्रम बोल्दै मानव अधिकार आयोग, गण्डकी प्रदेश प्रमुख नीतु गर्तौलाले युवाहरुमा नैतिकता र सक्रियताको खाँचो औल्याए । त्यसै गरी गण्डकी प्रदेश, सामाजिक तथा युवा तथा खेलकुद मन्त्रालयका उपसचिव घनश्याम पौडेलले गण्डकी प्रदेश युवा परिषद् गठनको प्रस्ताव मन्त्रीपरिषद्मा गइसकेको



र छिटै गठन हुने प्रतिवद्धता व्यक्त गरे । कार्यक्रममा बोल्दै प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद्, गण्डकी प्रदेश कार्यालयकी उप निर्देशक डा. मीना भट्टले युवाहरुलाई सीप र उद्यमशिलतासँग जोड्न सके मात्र समृद्धीको यात्रा शुरु गर्ने सकिने धारणा राखे त्यस्तै श्रम तथा रोजगार कार्यालय, पोखराका प्रमुख चण्डीका पौडेलले श्रम सचेतना र सामाजिक सुरक्षा कोषको महत्वमाथि प्रकश पार्नुभयो । आँधिखोला गाउँपालिका, वडा नं. १ का वडा अध्यक्ष पवनकाजी अधिकारीले युवाहरुलाई उद्यमी बनाउने अभियानका लागि सबै तहका सरकारहरुको एकीकृत समन्वयको आवश्यकतामा जोड दिए ।

कार्यक्रमको छलफल सत्रको सहजिकरण त्रिभुवन विश्वविद्यालयका उप प्राध्यापक डा. दिपेश घिमिरेले गर्दै राष्ट्रिय युवा नीति २०८२ को परिचय, युथ भिजन २०२५ को समीक्षा तथा आगमी युथ भिजनको सन्दर्भमा सहभागीहरुको सुझाव संकलन गरेका थिए । कार्यक्रममा युवा जनप्रतिनिधीहरु, विद्यार्थी, व्यवसायी, सञ्चारकर्मी, अल्पसंख्यक समुदाय, पर्यटन व्यवसायी, फरक क्षमता, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, किशोर किशोरी लगायतको समुदायको प्रतिनिधित्व गर्दै गण्डकी प्रदेशको विभिन्न जिल्लाका विभिन्न ७ जिल्लाका ७० युवाहरुको सहभागिता रहेको थियो । कार्यक्रमका सहभागीहरुले युवा मैत्री शासन प्रवर्द्धन, जलवायु मैत्री शासन, बाल विवाह अन्त्य, उद्यमशिलता विकास, सामाजिक कुरीति तथा कुसंस्कार विरुद्ध अभियान, बाल विवाह अन्त्य, विपद् व्यवस्थापन लगायतका कुरामा युवाहरुको सक्रियता र सहभागिताको बारेमा सुझाव दिएका थिए ।

कार्यक्रम राष्ट्रिय युवा परिषद्को उपसचिव चन्द्रा कुमारी थापाको अध्यक्षता, जागृति बाल तथा युवा सरोकार नेपालका अध्यक्ष तिलोत्तम पौडेलको सञ्चालन तथा कार्यक्रम अधिकृत रिता थापाको स्वागत मन्तव्य दिएकी थिइन् ।

# होराइजन क्लब र नेपाल प्रहरी २६ औं आदर्श कपको फाइनलमा

पोखरापत्र संवाददाता
पोखरा, १४ माघ

होराइजन क्लब स्याङ्गजा र नेपाल प्रहरी गण्डकी प्रदेशको टीम २६ औं आदर्श कपको फाइनलमा भिड्ने भएका छन् ।

कास्कीको लेखनाथमा माघ ९ देखि सुरु भएको २६ औ संस्करणको आदर्श कप फुटबल प्रतियोगिता अन्तर्गत बुधवार होराइजन क्लब स्याङ्गजा र जिल्ला खेलकुद विकास समिति म्याग्दीको टिमका विच भएको सेमीफाइनल खेलमा होराइजन क्लब १-० गोल अन्तरले विजयी बनेपछि मंगलवारको विजेता नेपाल प्रहरी गण्डकी प्रदेशको टीमसँग भिड्ने पक्का भएको हो । प्रहरीले तनहुँ जिल्ला फुटबल विकास समितिको




टिमलाई पराजित गरी फाइनलमा स्थान सुरक्षित गरेको थियो ।

माघ १६ गते दिनको १ बजे हुने फाइनल खेलमा प्रथम हुने टोलीले रु. ४ लाख ९९ हजार ९सय ९९ नगदसहित शिल्ड, मेडल र प्रमाणपत्र तथा दोस्रो हुने टोलीले रु. ३ लाख ३३ हजार ३सय ३३ नगदसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्ने आयोजकले जनाएको छ ।

बुधवार होराइजन क्लब स्याङ्गजाको टीमका जर्सी नं ११ का खेलाडी टिकाराज गुरुङ्गले खेलको ७३ औ मिनेटमा गरेको गोल नै खेलको निर्णायक गोल बनेको थियो। उनले बुधवारको म्यान अफ द म्याच बन्न सफल भई पाँच हजार पुरस्कार प्राप्त गरेका थिए ।

# नेका कास्की क्षेत्र नं. १ को खुदी र मोहरियामा सम्पर्क कार्यालय स्थापना

पोखरापत्र संवाददाता
पोखरा, १४ माघ

नेपाली कांग्रेस क्षेत्र नम्बर १ ले चुनावी अभियानका लागि दुई स्थानमा सम्पर्क कार्यालय स्थापना गरेको छ ।

बुधबार पोखरा महानगरपालिका वडा नम्बर ३० को खुदी र ३१ को मोहरियामा सम्पर्क कार्यालय स्थापना गरिएको सूचना, सञ्चार तथा आइटी समितिका संयोजक नवीन सिग्देलले जानकारी दिए । दुवै स्थानमा आयोजित कार्यक्रममा बोल्दै प्रतिनिधि सभा सदस्य उम्मेदवार तिलकबहादुर रानाभाटले देशलाई संकटबाट जोगाउनका लागि कांग्रेसलाई बहुमत आवश्यक रहेको बताए। उनले आफू देश र जनताको सेवक भएर काम गर्ने प्रतिबद्धता व्यक्त गर्दै जनता र देशको आवश्यकता नै आफ्नो प्राथमिकता भएको बताए । नेपाली कांग्रेसका निवर्तमान सहमहामन्त्री जीवन परियारले कांग्रेसको नेतृत्वमा नै देशले निकास र



विकास पाउने बताए । नेपाली कांग्रेसका केन्द्रीय सदस्य कृष्ण केसीले पार्टी भित्रका सबैजना नेता तथा कार्यकर्ता आफूलाई नै तिलक रानाबाट ठानेर निर्वाचनमा होमिनुपर्ने उल्लेख गरे ।

पूर्वमन्त्री एवं नेपाली कांग्रेस कास्कीका पूर्व सभापति यज्ञबहादुर थापाले कांग्रेस नै देशको भविष्य भएको बताए । नेपाली कांग्रेस कास्कीका सभापति किशोर दत्त बरालले सुधारिएको कांग्रेसप्रति जनताको आकर्षण बढिरहेको बताए । कार्यक्रममा नेपाली कांग्रेस पोखरा महानगरपालिका वडा नम्बर ३० का सभापति धुव्रराज न्यौपाने, ३१ का कार्यवाहक सभापति भानुभक्त पौडेल, उपसभापतिहरू डम्मरु बल्लभ चापागाई, वीरबहादुर लामा वाइबा, सचिवहरू रामचन्द्र अधिकारी, श्रीराम कडेल वीरभद्र कडेल, युवा नेता प्रतापमोहन पौडेल लगायतले बोलेका थिए ।

कांग्रेसले कास्कीका तीन वटै निर्वाचन क्षेत्रमा चुनावी अभियान अन्तर्गतका कार्यक्रमहरू सुरु गरेको नेपाली कांग्रेस कास्कीका सहसचिव नवीन सिग्देलले जानकारी दिए ।

# म्यागदीको गुर्जा र घोडेपानीमा हिमपात

पोखरापत्र संवाददाता
म्याग्दी, १४ माघ

म्याग्दीको धौलागिरि गाउँपालिका-१ गुर्जा र अन्नपूर्ण गाउँपालिका-६ घोडेपानीमा बुधबार हिमपात भएको छ ।

हिमपातका कारण जनजीवन प्रभावित भएको छ । धौलागिरि गाउँपालिका-१ गुर्जाका वडासदस्य गुनराम छन्त्यालले बिहानैदेखि निरन्तर हिमपात भइरहेको जानकारी दिनुभयो । राति पानी परेको र करिब दुई इञ्ज बाक्लो हिउँ जमेको उहाँले बताउनुभयो । समुद्री सतहदेखि दुई हजार ७०० मिटर उचाइमा रहेको गुर्जा जोड्ने पदमार्ग र सडक हिउँ परेपछि अवरुद्ध भएको छ । सर्वसाधारणहरू घरभित्रै आगो तापेर बसेका छन् । गाईबस्तु, भेडाबाख्रालाई गोठमै राखेर सुक्खा घाँस खुवाएर राखेका छन् । पर्यटकीयस्थल घोडेपानी, पुनहिल, खोप्रा र मोहरेडाँडा पनि हिउँले छोपिएको छ । घोडेपानीका होटल व्यवसायी मिना पुनले हिमपात सुरु भएपछि चहलपहल घटेको बताउनुभयो । घोडेपानी र पुनहिल घुम्न आउने पर्यटक घटेपछि सुनसान भएको छ ।

यो वर्षको दोस्रो हिमपात भएको हो । म्याग्दी जिल्लाभर वर्षा भएको छ । वर्षाका कारण हिउँदेबालीमा फाइदा पुगेको छ । हिउँ र आकाशे पानीले सिँचाइको काम गरेको मालिका गाउँपालिका-७ का कृषक भूपेन्द्र शर्माले बताउनुभयो । सुक्खा भएको जमिन भिजेर बिरुवाले आवश्यक तत्व पाउने र खेतीबाली सप्रिने उहाँले बताउनुभयो । गहुँ, जौ, केराउ, सुन्तलाजात फलफुलका लागि वर्षाले सहयोग गरेको छ ।

# निजी ...

घोषणापत्रमा राखेर कार्यान्वयन गरेको खण्डमा छोटो समयमा नै देशले सफलता प्राप्त गर्ने दाबी गर्नुभयो ।

"निजी क्षेत्रले देशको विकास र समृद्धिका लागि तयार गरेका एजेण्डालाई राजनीतिक दलले तयार पार्ने घोषणापत्रमा समावेश गरी कार्यान्वयन गरेको खण्डमा देशले छोटो समयमै समृद्धि हासिल गर्छ भन्ने हाम्रो बुझाई हो", उहाँले भन्नुभयो, "देशमै उत्पादनसित जोडिने किसिमका कार्यक्रम तथा उद्योग सञ्चालन गरी उत्पादित सामग्री बाहिर निर्यात गरेर आम्दानी लिन सकिने प्रशस्त सम्भावना छन् ।"

बुधबारदेखि सुरु भएको नवौँ वालिङ महोत्सव २५ गतेसम्म सञ्चालन हुनेछ । महोत्सवको तीन लाख दर्शकले अवलोकन गर्ने र झण्डै रु १० करोडको आर्थिक कारोबार हुने अपेक्षा रहेको वालिङ उद्योग वाणिज्य सङ्घका अध्यक्ष एवं मेला मूल आयोजक समितिका संयोजक चेतनारायण श्रेष्ठले बताउनुभयो ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।

– कालीदास

## सम्पादकीय

# सर्वोच्च अदालत धाउनुपर्ने किन ?

नेपाली कांग्रेसका निवर्तमान सांसदको टोली संसद् पुनर्स्थापना सम्बन्धी रिटमा चुनावअघि फैसलाको माग गर्दै बिहीबार सर्वोच्च अदालत जाने भएको छ । जेनजी आन्दोलनपछि नियुक्त प्रधानमन्त्री सुशीला कार्कीको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले गत भदौ २७ गते संसद् विघटन गरेका थिए । त्यससँगै सरकारको सिफारिसमा आगामी फागुन २१ गते निर्वाचन तोकिएको थियो । त्यसका विरुद्ध गत मंसिर २३ गते प्रतिनिधि सभामा नेपाली कांग्रेस संसदीय दलका प्रमुख सचेतक श्यामकुमार घिमिरेको नेतृत्वका निवर्तमान सांसदहरूले सर्वोच्च अदालत रिट दायर गरेका थिए । अहिलेसम्म त्यसको सुनुवाई नभएपछि डेलिगेसन लिएर बिहीबार सर्वोच्च अदालत जान लागेको छ ।

'प्रतिनिधि सभाको चुनाव नजिकिएको छ । अहिलेसम्म अन्तिम सुनुवाईको टुंगो लागेको छैन,। 'पक्ष वा विपक्षमा फैसला भए पनि चुनाव अघि रिटको टुंगो लगाउनुपर्छ ।' समयमा फैसला  नदिनु पनि न्याय नदिनु हो।सर्वोच्च अदालतले सार्वजनिक सरोकार मात्र होइन संवैधानिक प्रश्न उठेका मुद्दामा पन्छाउने प्रवृत्ति बढ्दो छ।राजनीतिक मुद्दा त्यसमा पनि राजनीतिक दल र समाज विभाजित भएको छ । त्यस्ता विषयलाई स्वतन्त्र रुपमा वहस चलाएर संविधान र पहिलेका नजिर हेरेर फैसला दिन सक्नुपर्छ । सकभर अपजस आउने मुद्दालाई पन्छाउने प्रवृत्ति नयाँ होइन । न्यायाधीशले भयरहित वातावरणमा फैसला दिने अवस्था नभएको दर्शाउँछ ।

संविधानको ब्याख्या गर्ने सर्वोच्च अदालतको पनि दायित्व  छ । त्यसबारे ध्यानकर्षण गर्न रिट दायर गरेका सबै निवर्तमान सांसदलाई डेलिगेसनका लागि बोलाएको  विघटित प्रतिनिधिसभा काङ्गेस प्रमुख सचेतक श्याम घिमिरेले जानकारी दिएका छन । बिहीबार बिहान ११ बजे सर्वोच्च अदालत जाने समाचारले भ्रमको खेती शुरु भएको छ । प्रतिनिधि सभा पुनर्स्थापनाका लागि रिट पेश गर्नुहुने नेपाली कांग्रेसका सदस्यहरुको डिलेकेशन टोली  २०८२ माघ १५ गते बिहान १०:३० बजेट सर्वोच्च अदालतमा जाने  कार्यक्रम  तय भएको  छ ।

कांग्रेसका निवर्तमान सांसदको टोलीले प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतलाई भेटेर ध्यानाकर्षण गराउने छन। प्रधानन्यायाधीश राउतसँग बिहीबार भेटका लागि समय मागी सकेको घिमिरेको  भनाइ छ । संसद् पुनर्स्थापनाको माग गर्दै नेकपा (एमाले) र कानुन व्यवसायीले पनि रिट दायर गरेका थिए । सबै रिट एकै ठाउँमा राखेर सर्वोच्चले गत पुस २ मा प्रारम्भिक सुनुवाइ गरी विपक्षीसँग १५ दिनभित्र लिखित जवाफ बुझाउन भनेको थियो। सर्वोच्चले यस मुद्दामा माघ २० गते साधारण तारेख तोकेको छ। साधारण तारेख तोकिएकोलाई फैसला दिने प्रचार गर्नु न्यायालयप्रति अविश्वास जगाउनु हो । अराजक भिडले जे गरे पनि जेनजी आन्दोलनसंग जोड्नु जवाफदेही नहुनु हो । सरोकारवाला मात्र होइन धेरैलाई यसबारेमा चासो हुनु स्वभाविक हो ।

पूर्व न्यायाधीश फोरम नेपालले सर्वोच्च अदालतमा विचाराधीन प्रतिनिधिसभा विघटनविरुद्धको मुद्दा तदारुकताका साथ निरन्तर सुनुवाइ गरी निरुपण गर्नुपर्ने मान्यता राखेको छ । टोपबहादुर सिंह अध्यक्ष रहेको पूर्व न्यायाधीश फोरमले बुधबार पत्रकार सम्मेलन गरी यस्तो धारणा सार्वजनिक गरेको छ । 'सरकारको संवैधानिक हैसियत तथा प्रतिनिधि सभा विघटनको संवैधानिकताबारे विवाद उठी सम्मानित सर्वोच्च अदालतको संवैधानिक इजलाससमक्ष विचाराधीन रहेको सो विवादको निराकरण नगरी मन्त्रिपरिषदबाट घोषित आमनिर्वाचन समेतका विषयमा अन्योल हुने टड्कारो देखिन्छ,'।

संवैधानिक प्रयोग र पालनसम्बन्धी विवाद यथासम्भव छिटो टुंगो लगाउनु नै संविधानको संरक्षकका रूपमा स्थापित सर्वोच्च अदालतको संवैधानिक दायित्व रहेको तथा उक्त दायित्व निर्वाह गर्न सर्वोच्च अदालतले तदारुकता देखाउनुपर्ने फोरमको आग्रह छ । विगतमा पनि रिट निवेदक सन्तोष भट्टराई र विरुद्ध राष्ट्रपति कार्यालय समेत तथा रिट निवेदक शेरबहादुर देउवा र विरुद्ध राष्ट्रपति कार्यालय समेत भएका दुई रिट निवेदनहरू संवैधानिक इजलासले प्राथमिकतामा राखी तदारुकताका साथ निरन्तर सुनुवाइ गरेर निरुपण गरेको नजिरप्रति सर्वोच्च अदालतको गम्भीर ध्यानाकर्षण हुनु आवश्यक रहेको पुर्व न्यायाधीश फोरमको चासो छ।सर्वोच्च अदालतले संविधान, विगतका नजिर र आउँदा दिनमा कस्तो परंपरा बसाल्ने भन्ने दिशा निर्देशनका लागि पनि निरुपण हुनु आवश्यक छ ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : सत्कार मिल्नेछ |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : आर्थिक समस्या | धनु | : शारीरिक झमेला |
| कर्कट | : शत्रुको भय | मकर | : मानसिक तनाब |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : झमेला बड्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# भारी हिमपातका कारण अलपत्र यात्रुको उद्धार

**पोखरापत्र संवाददाता**
बागलुङ, १४ माघ

हिमपातले मध्यपहाडी लोकमार्ग अवरुद्ध भएपछि अलपत्र परेका यात्रुको उद्धार गरिएको छ । गए राति ४ बजेदेखि परेको हिमपातका कारण बागलुङ र पूर्वी रुकुमको सिमाना पातीहाल्नेमा अलपत्र परेका ५० जना यात्रुको उद्धार गरिएको हो ।

रुकुम पूर्वकी प्रमुख जिल्ला अधिकारी सीता परियारका अनुसार काठमाडौँदेखि रुकुम, जाजरकोट, डोल्पालगायत पश्चिम नेपाल जाने यात्रुलाई सुरक्षाकर्मीको गाडीबाट उद्धार गरिएको छ । यात्रुलाई रुकुमकोटसम्म पुऱ्याएर गन्तव्यमा पठाइने प्रजिअ परियारले बताउनुभयो । नेपाल प्रहरी, सशस्त्र प्रहरी र जेसिबीको सहयताले केही ठाउँको हिउँ हटाएर यात्रुको उद्धार गरिएको उहाँको भनाइ छ। पातीहाल्ने क्षेत्रमा भारी हिमपात परेको हुँदा तत्काल गाडी सञ्चालन गर्न सकिने अवस्था नरहेको प्रजिअ परियारले बताउनुभयो । बागलुङ प्रशासन र काठमाडौँ प्रशासनसँग समन्वय गरी केही दिन यो सडकखण्डमा यातायात सञ्चालन नगर्न आग्रह गरेको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "यात्रु अलपत्र परेको खबर पाउनासाथ बिहानैदेखि जिल्ला सुरक्षा समितिको टिमनै फिल्डमा आयौँ र अलपत्र परेका यात्रुको उद्धार गरेका छौँ, पातीहाल्ने क्षेत्रमा बाक्लो हिमपात छ, यहाँ अहिले सडक खुलाउन सक्ने अवस्था छैन, पूर्वी रुकुमबाट काठमाडौँ चल्ने यातायातलाई हामीहरूले उतै रोक्छौँ, बागलुङ तर्फबाट पनि गाडी चल्न नदिनका लागि प्रशासनसँग समन्वय गरेका छौँ ।" हिउँ नपग्लिदासम्म रुकुम हुँदै काठमाडौँ, पोखरा जाने सवारी साधानले फरक रुटको प्रयोग गर्नुपर्नेछ । बागलुङ खण्डमा पनि दुई फिटभन्दा बढी हिउँ परेको हुँदा यात्रा गर्न नसकिने अवस्था रहेको सहायक प्रमुख जिल्ला अधिकारी नवराज बरालले जानकारी दिनुभयो । सडक खुलाउन निसीखोला गाउँपालिकासँग समन्वय भइरहेको उहाँको भनाइ छ ।

# बाहिरियो वर्षा गराउने प्रणाली

**रासस**
काठमाडौँ, १४ माघ

मङ्गलबार साँझदेखि सक्रिय भएर देशका धेरै ठाउँमा वर्षा गराएको पश्चिमी न्यूनचापीय प्रणाली अहिले साँझदेखि बाहिरिएको छ ।

जल तथा मौसम विज्ञान विभागका वरिष्ठ मौसमविद् वरुण पौडेलले उक्त प्रणाली बाहिरिएको र पश्चिमी वायुको प्रभाव कायम रहेकाले कतैकतै उच्च पहाडी तथा हिमाली क्षेत्रमा सामान्य असर देखिने भए पनि भोलिदेखि मौसम खुल्ने बताउनुभयो । उहाँले चिसो भने केही दिन रहनसक्ने बताउँदै अब अर्को प्रणाली नआएसम्मलाई मौसम खुल्ने जानकारी दिनुभयो । उक्त प्रणालीले बुधबार काठमाडौँ उपत्यकासहित देशका धेरै ठाउँमा वर्षा गराएको छ । विशेषगरी यो प्रणालीले मधेस र कोशी प्रदेशलाई सामान्यभन्दा छुन सकेन । उक्त प्रणलीले काठमाडौँमा २.२, ललितपुर ४.८ र भक्तपुरमा समाान ४.८ मिलिमिटर वर्षा गराएको छ । पछिल्लो २४ घण्टामा सबैभन्दा बढी सुर्खेतमा ४३ मिलिमिटर वर्षा भएको छ । रुकुमको शेरागाउँमा ३८ मिलिमिटर र जाजरकोटमा ३३ मिलिमिटर, बैतडीमा ३५.६, डडेलधुरामा ३३.२, बाजुरमा ३०.२, मनाङमा ३२.४ र डोल्पामा ३१ मिलिमिटर वर्षा भएको छ । नेपालको पश्चिम क्षेत्रका उच्च पहाडी तथा हिमाली क्षेत्रमा भारी हिमपात पनि भएको छ । बागमती प्रदेशसहित पश्चिमका अधिकांश जिल्लामा बुधबार वर्षा भएको र ति जिल्लाका उच्च पहाडी तथा हिमाली क्षेत्रमा हिमपात पनि गरायो । बुधबार राति देशको पहाडी र हिमाली भू-भागमा आंशिक बादल लाग्ने  र बाँकी भू-भागमा मौसम मुख्यतया सफा रहनेछ । कोशी, बागमती र गण्डकी प्रदेशको उच्च पहाडी तथा हिमाली भू-भागका एक-दुई स्थानमा हल्का हिमपात/वर्षाको सम्भावना छ ।

बिहीबार तराई भू-भागका धेरै स्थानमा हुस्सु/कुहिरो रहने, कोशी, बागमती र गण्डकी प्रदेशको उच्च पहाडी तथा हिमाली भू-भागमा आंशिक बादल लाग्नेछ र बाँकी भू-भागमा मौसम मुख्यतया सफा रहने विभागले जनाएको छ । कोशी, बागमती र गण्डकी प्रदेशको उच्च पहाडी तथा हिमाली भू-भागका एक-दुई स्थानमा हल्का हिमपात/वर्षाको हुनसक्ने जनाइएको छ ।

# हिउँदे वर्षाले किसान उत्साहित

**रासस**
काठमाडौं, १४ माघ

लामो खडेरीपछिको हिउँदे वर्षा भएसँगै किसानहरू उत्साहित भएका छन् । मुलुकका अधिकांश क्षेत्र गएरातिदेखि छिटपुट तथा मध्यम वर्षा भएपछि लगाएको बालीनाली सप्रने र नयाँ बालीका लागि मलिलो हुने भएकाले किसानहरू हर्षित भएका छन् ।

मौसम पूर्वानुमान महाशाखाका मौसमविद् ढकालका अनुसार न्यूनचापीय प्रणालीका कारण पश्चिमबाट प्रवेश गरेको मनसुनका कारण सुदूरपश्चिम, कर्णाली, लुम्बिनी र गण्डकी प्रदेशको अधिकांश स्थानमा वर्षा भएको छ । उक्त मनसुनी प्रणाली सक्रिय भएपछि हिमाली क्षेत्रमा हिमपात भएको छ । पछिल्लो २४ घण्टामा सुर्खेतको खानीखोला जलमापन केन्द्रमा सबैभन्दा बढी ४३ मिलिमिटर वर्षा भएको विभागले जनाएको छ । कर्णाली र लुम्बिनी प्रदेशमा अधिकांश स्थान र गण्डकी प्रदेशका हिमाली क्षेत्रमा मध्यम वर्षा भएको छ ।

त्यस्तै, गण्डकी प्रदेशको तल्लो क्षेत्रमा हल्का मात्रै वर्षा भएको भने सो प्रणालीले अहिले बागमती प्रदेशको काठमाडौँ उपत्यका आसपासमा वर्षा गराइरहेको छ । यो प्रणाली कमजोर हुँदै उत्तरपूर्वतर्फ सर्दै गइरहेको विभागले जनाएको छ । कोशी प्रदेशमा सामान्य प्रभाव पर्ने र उत्तरी भेकमा हल्का हिमपात हुने अनुमान छ । कृषि विभागका उपमहानिर्देशक राजेन्द्र कोइराला देशका विभिन्न स्थानमा परेको वर्षा हिउँदे बालीका लागि 'अमृत' सरह हुने बताउनुहुन्छ। असिनाबिनाको पानीले अहिले खेती गरिएको तोरीको दाना पुष्टि हुने र गहुँ उत्पादन बढ्ने उहाँको भनाइ छ । यससँगै हिउँदे वर्षापछि फलफूल तथा बोटबिरुवामा नयाँ पालुवा पलाउने र त्यसले आगामी वर्ष उत्पादन वृद्धि गराउन योगदान पुऱ्याउने उपमहानिर्देशक कोइरालाले जानकारी दिनुभयो । वर्षासँगै हिमाली क्षेत्रमा भएको हिमपातले स्याउलगायतका खाद्य तथा नगदेबालीको उत्पादन बढ्नेछ ।

# चापाकोट टार सिँचाइ आयोजना व्यवस्थित बन्दै

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १४ माघ

पहाडी जिल्लाअन्र्तगत सम्भबत नेपालकै ठूलो 'चापाकोट टार सिँचाइ आयोजना'को नहर व्यवस्थित बन्दै गएको छ ।

पहाडी भूबनोटमा करिब ३२ वर्षअघि बनेको नहर वर्षेनी पहिरोको चपेटामा परेसँगै हजारौं कृषक प्रभावित बन्दै आएका थिए । सरकारले पछिल्ला वर्षमा बजेट सुनिश्चिता गरेपछि नियमित मर्मत सम्भार भएसँगै नहर व्यवस्थित बन्दै गएको हो । स्याङ्जाको चापाकोट नगरपालिका-४ मल्याङकोटस्थित दार्सिङ्गमा बाँधस्थल रहेको नहर संचालनमा आएपछि नै पहिरोको चपेटामा पर्दै आएको थियो । २७ किलोमिटर लामो नहरको दर्जनौ ठाउँमा हुने अतिभूक्षयको रोमथाम र बाँधस्थल दार्सिङ्गबाट ६ किलोमिटर नजिक भुङ्दीको मुख्य चट्टानी पहाडमा पहिरो नियन्त्रणको दिगो व्यवस्थापन भएपछि नहर व्यवस्थित बन्दै गएको छ ।

नहरबाट चापाकोट नगरपालिका वडा नं.-२, ३, ४, ८, ९ र १० का झण्डै ८८५ हेक्टर खेतीयोग्य जमिन सिँचाइ सुविधा पुगेको छ । गत आर्थिक वर्ष २०८१/८२ सरकारले नहर मर्मतका लागि तीन करोड विनियोजन गरेको थियो । विनियोजित बजेटले भुङ्दीको भिरालो पथ्थर सहितको कडा भूभागमा ढलान गरेपछि पहिरो प्रभावित क्षेत्रको भूक्षय रोकिएको चापाकोट टार सिँचाइ आयोजना जलउपभोक्ता समितिका अध्यक्ष कृष्णसुबेदीलेबताए।नियमितरुपमा मर्मतसम्भारको काम हुँदै आएपनि मुख्यगरी बढीमात्रामा पहिरो जाने क्षेत्रको दिगो व्यवस्थापन भएपछि नहर व्यवस्थित बनेको हो । चालु आर्थिक वर्ष २०८२/८३ मा पहिरो नियन्त्रण र नियमित मर्मतका लागि संघीय सरकारबाट एक करोड र प्रदेश सरकारबाट २० लाख छुट्टाएर काम भईरहेको समितिले जनाएको छ । ममर्तको काम नियमित रुपमा हुँदै गएको छ भने मर्मतकै समयमा तालिका मिलाएर आवश्यकता अनुसार नहरमा पानी छाड्ने गरिएको छ ।

'बर्खा लागेपछि जाने पहिरोले नहर अबरुद्ध बनाउँदा सयौ हेक्टर जमिन बाँझो हुनेहुँदा हजारौं कृषकले सास्ती भोग्दै आएका थिए ।' जलउपभोक्ता समितिका अध्यक्ष सुबेदीले भने, 'सरकारले बजेट सुनिश्चित गरेसँगै पहिरो नियन्त्रण, मर्मतसम्भारको काम नियमित भएपछि खेतीयोग्य जमिनमा निरन्तर सिँचाइ सुविधा पुगेको छ ।' पहिरो नियन्त्रण र नियमित मर्मत नहुँदा अनियमित बन्दै आएको नहर पछिल्लो समय नियमित रुपमा सुचारु रहेको उनले बताए । चापाकोटको धेरै क्षेत्रफलमा सिँचाइ सुविधा पुगेकै भएर नहरको दिगो व्यवस्थापनमा सरकारले नियमित बजेट विनियोजन गरेको जलश्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय स्याङ्जाले जनाएको छ ।

अतिपहिरो प्रभावित क्षेत्रको सुधारसँगै नियमित मर्मतबाट नहरलाई स्थायित्व दिन कार्यालयले समन्वयको काम गर्दै आएको छ । प्रभावित क्षेत्रको पहिचानसँगै दिगो सुधार र सम्भावित जोखिमका स्थानलाई मध्यनजर राखेर ममर्तको कामलाई प्राथमिकता दिएर अगाडी बढेको कार्यालयले जनाएको छ ।

मुलनहरको सुधार र दिगो व्यवस्थापन र लामो समयदेखि मर्मतको काम गर्दै आएको समितिले सिँचाइ क्षेत्र विस्तारमा शाखा नहर निर्माणलाई तीव्रता दिएको छ । मुलनहरको स्थायित्व, सुधार र सिँचाइ क्षेत्रको विस्तारमा काम भइरहेको समितिका उपाध्यक्ष हसन मियाँले बताए । उनका अनुसार नहरलाई जोगाई राख्न केहि स्थानमा साना र छोटा सुरुङ्मार्ग (टनेल) समेत बनाउन आवश्यक रहेको छ ।

सिँचाइ सुविधा नियमित भएपछि बसाइँ सर्नेक्रम रोकिएर आउने क्रम बढेको छ भने स्थानीय कृषकले मौसमी तथा बेमौसमी तरकारी र फलफूल खेती विस्तार गर्दै आएका छन् । सिँचाइको सुनिश्चितासँगै चापाकोट टार क्षेत्रमा आलु र तोरी लगाएतका बाली लगाउने कृषकको संख्यामा ह्वात्तै वृद्धि भएको छ । पछिल्लो समय झण्डै ६ सय घरपरिवार आँप-लिची खेती विस्तारमा लागेको स्थानीय कृषक विश्वास पुरीले बताए । २०२५ सालमा निर्माण थालिएको झण्डै ३० करोडको लागतमा बनेपछि २०५० सालबाट संलाचनमा आएको नहरले त्यस क्षेत्रका कृषकको दैनिकीमा ठूलो परिवर्तन ल्याएको छ । सिँचाइ सुविधाको अभावमा सुख्खा रहेका टारहरुमा नहरबाट सिँचाइ हुन थालेपछि धान, गहुँ, मकै खेतीसँगै तरकारी, फलफूल उत्पादन, आयआर्जनमा वृद्धि भएसँगै हजारौं कृषक लाभान्वित भएका छन् । चापाकोट टार जिल्लाकै धान उत्पादन पकेट क्षेत्र र अन्नभण्डारणमा रुपान्तरण भएको छ ।

# उत्तरी गोरखामा हिमपात

**पोखरापत्र संवाददाता**
गोरखा, १४ माघ

जिल्लाको उत्तरी भेगमा भारी हिमपात भएको छ । बुधबार बिहान ३:०० बजेतिरबाट हिमपात हुन सुरु गरेको स्थानीयले बताएका छन् ।

चुमनुब्री गाउँपालिका-१ को साम्दो, सामागाउँ, वडा नं २ को ल्हो, स्याला, वडा नं ६ को चुम्चेत, वडा नं ७ को नौवटै गाउँबस्तीमा हिमपात भएको स्थानीयवासीको भनाइ छ ।

"बिहान ३:०० बजेदेखि हिउँ पर्न सुरु गरेको हो", चुमनुब्री-७ का पासाङफुञ्जो लामाले भन्नुभयो, "हिउँ परेपछि गाउँलेहरू एकदम खुसी भएका छन् ।" खेतीपानी राम्रो हुने, धुलो नउड्ने, हुरीबतास नचल्ने र आगलागीको डर नहुने भन्दै स्थानीय खुसी भएका उहाँको भनाइ छ ।

"सँधै हुरीबतास चलेर अहिले त घरको अँगेनामा आगो फुक्न पनि नसक्ने अवस्था थियो", उहाँले भन्नुभयो, "अब बल्ल हिउँ पऱ्यो । आगालागीको पनि डर हट्यो । हुरीबतास चलेर धुलो उडाएर बस्न नसक्ने भएको थियो । त्यस्तो पनि नहुने भयो अनि मङ्सिरमा लगाएको गहुँखेतीले पनि पानी पाउने भयो । वनको झारलहरूले पनि पानी खान नपाएर आत्तिसकेका थिए । अब पानी खान पाउने भए", उहाँले भन्नुभयो । हिमपात भएपछि गाउँलेहरूको दिनचर्यामा पनि परिवर्तन भएको छ । अहिले सबै जना घरभित्रै आगो तापेर बसेका छन् भने करिब एक फिट हिउँ जमेको उहाँले बताउनुभयो ।

**नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना**

पोखरा महानगरपालिका वडा नं. १४ जनसक्रिय टोलमा बाटो ढलान गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नाम : जनसक्रिय टोल बाटो ढलान योजना
उपभोक्ता समितिको नाम : जनसक्रिय टोल बाटो ढलानउपभोक्ता समिति, पोखरा-१४, कास्की
जम्मा सदस्य संख्या : ७
महिला सदस्य संख्या : ५
योजना सम्झौता मिति : २०८२/०८/१७
योजना सुरु मिति : २०८२/०८/१८
योजना सम्पन्न हुने मिति : २०८३/०३/१५
महानगरपालिकाबाट : रु. ४,००,०००/-
उपभोक्ताबाट : रु. ७१,६२५/२४
योजनाको कुल लागत : रु. ४,७१,६२५/२४

**लाल काजी गुरुङ**
**अध्यक्ष**
**जनसक्रिय टोल बाटो ढलान उपभोक्ता समिति,**
पोखरा-१४, कास्की

**नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना**

पोखरा महानगरपालिका वडा नं. १४ खाल्टे टोल जागृती मार्ग ९ को अधुरो बाटो ढलान गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नाम : खाल्टे टोल जागृति मार्ग ९ अधुरो बाटो ढलान
उपभोक्ता समितिको नाम : खाल्टे टोल जागृति मार्ग ९ अधुरो बाटो ढलान उपभोक्ता समिति, पोखरा-१४, कास्की
जम्मा सदस्य संख्या : ७
महिला सदस्य संख्या : ३
योजना सम्झौता मिति : २०८२/०९/०८
योजना सुरु मिति : २०८२/०९/०९
योजना सम्पन्न हुने मिति : २०८३/०३/१५
महानगरपालिकाबाट : रु. ३,००,०००/-
उपभोक्ताबाट : रु. ७५,९१०/२६
योजनाको कुल लागत : रु. ३,७५,९१०/२६

**डिल बहादुर खड्का क्षेत्री**
**अध्यक्ष**
**खाल्टे टोल जागृति मार्ग ९ अधुरो बाटो ढलान उपभोक्ता समिति,** पोखरा-१४, कास्की

# मुस्ताङको निर्वाचन सरगर्मी बैँसीमा, मतदाता भेटघाटमा उम्मेदवार

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १४ माघ

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य पदको निर्वाचन सरगर्मी बैँसीमा चलेको छ । माघ ६ गते मुख्य निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवार मनोनयपत्र दाखिला गरेका विभिन्न राजनीतिक पार्टीका उम्मेदवारहरू मतदाता भेटघाटमा जुटेका छन् ।

एक मात्रै सङ्घीय निर्वाचन क्षेत्र रहेको हिमाली जिल्ला मुस्ताङमा आठ राजनीतिक पार्टीका उम्मेदवारहरूले मनोनय पत्र दाखिला गरिसकेका छन् । नेपाली कांग्रेसबाट योगेश गौचन थकाली, नेकपा (एमाले) बाट इन्द्रधारा ढाडु विष्ट, नेपाली कम्युनिष्ट पार्टी (नेकपा) बाट ङुटुक गुरुङ (टाइगर),राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट अधितीय चन्द्र थकाली, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट कमला लालचन,उज्यालो नेपाली पार्टीबाट डा सुरेन्द्र शेरचन, मङ्गोल नेशनल अर्गानाईजेशनबाट यमबहादुर गुरुङ र आमजनता पार्टीबाट अजय विक निर्वाचन प्रतिस्पर्धामा हुनुहुन्छ ।

निर्वाचन आयोगको कार्यतालिका अनुसार आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि उम्मेदवारको मनोनयपत्र दर्ता, दाबी विरोध, अन्तिम नामावली प्रकाशन र उम्मेदवारलाई निर्वाचन चिह्न प्रदानलगायत पहिलो चरणमा काम सकिए लगत्ते पहाड र तराई क्षेत्रमा आसन्न निर्वाचनको सरगर्मी बढेको छ । तर,पहाड र तराईका क्षेत्रमा निर्वाचनको चुनाबी प्रचार/प्रसार, मतदाता भेटघाटलगायत अभियान संञ्चालन भइरहेको भए पनि हिमाली जिल्ला मुस्ताङलाई आसन्न निर्वाचनले छोएको छैन। मुस्ताङका अधिकांश नागरिक जाडो छल्न बैंसी झरिसकेकाले मुस्ताङमा निर्वाचनको चहलपहल सुरु नभएको हो । हिउँदयामको प्रतिकूल मौसममा यहाँका अधिकांश नागरिक जाडो छल्न बैँसी झर्ने परम्परा सदियौँदेखि चल्दै आइरहेको छ । यस वर्ष माथिल्लो मुस्ताङमा ८० प्रतिशत र तल्लो मुस्ताङमा ६० प्रतिशत बढी नागरिक जाडो छल्न बैँसीको पारिलो स्थानमा झरिसकेका छन् ।

आसन्न निर्वाचन नजिकिँदै गइरहे पनि जिल्लामा मतदाता नभएका कारण राजनीतिक दल उम्मेदवारहरू मतदाता रिझाउन बैँसी झरिसकेका छन् । माथिल्लो मुस्ताङका नागरिक कात्तिक र मङ्सिर महिनामा जाडो छल्न बैँसी झर्ने र चैत्र र बैशाख महिनामा गर्मीयाम सुरु भएपछि साविकको स्थानमा फर्कन्छन् । तल्लो मुस्ताङका नागरिकहरू भने समयानुकूल मिलाएर बैँसी झर्ने र फागुन लागेपछि जिल्लामा फर्कन्छन् । माथिल्लो मुस्ताङको दुई गाउँपालिका यतिबेला पूरै मानवविहीन सुनसान जस्तै छ । गाउँमा आशिक नागरिक मात्रै पशुचौपाया र घर कुरेर बसेका छन् । हिउँदयाममा पर्यटकीय अफसिजन भएका कारण राजमार्ग सडकमा होटल चलाएर बस्ने अधिकांश पर्यटन व्यवसायीहरू बैँसीमा छन् । सरकारी कार्यालय चिसोका कारण सुनसान छन् । आसन्न निर्वाचनको प्रचारप्रसार र मतदाता भेटघाटमा रहेका राजनीतिक पार्टीका उम्मेदवारहरू फागुन लागेपछि मात्रै जिल्ला फर्किने योजनामा रहेका छन् । नेकपा (एमाले) का तर्फबाट उम्मेदवार बनेका इन्द्रधारा ढाडु विष्ट मुस्ताङका मतदाता रिझाउन बैँसीमा भेटघाट कार्यक्रममा व्यस्त रहेको बताउनुभयो । उम्मेदवार विष्टले पहिलो चरणमा पोखरामा मुस्ताङका मतदातालाई भेटघाट गर्ने कार्यक्रम सकिएको र केही दिनमा काठमाडौँमा मुस्ताङका मतदातालाई भेटघाट गर्ने योजना रहेको बताउनुभयो ।

मुस्ताङका बेसींमा छरिएर रहेका मतदाताहरूलाई गाउँ पुगेर भेटघाट गरेजस्तो सहज नरहेको उम्मेदवार विष्टले उल्लेख गर्नुभयो । नेपाली कांग्रेसका तर्फबाट उम्मेदवार बनेका योगेश गौचन थकालीले आसन्न निर्वाचनका लागि मतदाता भेटघाट कार्यक्रम खासै सुरु भइ नसकेको बताउँनुभयो । पारिवारिक समस्याका कारण आफू केही दिनका लागि भारत जाने तयारीमा रहेकाले त्यहाँबाट फर्किएपछि मात्रै मतदाता भेटघाट कार्यक्रम सुरु गर्ने उम्मेदवार थकालीको भनाइ छ ।

यसैगरी नेपाली कम्युनिष्ट पार्टीका तर्फबाट उम्मेदवार बन्नुभएका ङुटुक गुरुङ (टाइगर) मुस्ताङका मतदाता रिझाउन बेसींमा मतदाता भेटघाट कार्यक्रम सुरु गरिसकेको बताउनुभयो । मुस्ताङका मतदातालाई पोखरामा भेटघाट गर्ने काम सकिएर आफ्नो टोली काठमाडौँमा पुगेर मुस्ताङी मतदातालाई भेटघाट गर्न काठमाडौँ प्रस्थान गरेको बताउनुभयो । जिल्लामा मतदाता नगण्य भएकाले बैँसीमा बसेर जनता समक्ष भोटको अपिल गरेको उम्मेदवार गुरुङले उल्लेख गर्नुभयो । राष्ट्रिय प्रजातन्त्र पार्टीका महिला उम्मेदवार कमला लालचन पोखरामा मतदाता भेटघाटमा व्यस्त रहेको जानकारी दिनुभयो । पोखरामा मतदाता भेटघाट गर्ने काम जारी रहेको र केही दिनपछि काठमाडौँमा पुगेर मुस्ताङी जनतालाई भोटको अपिल गर्ने योजना रहेको बताउनुभयो । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का उम्मेदवाहरूले मुस्ताङका मतदाताहरूलाई बैँसीमा भेटघाट गर्ने र मत माग्ने कार्यक्रमलाई तीव्रता दिएका छन् । मुस्ताङमा आगामी फागुन २१ गते हुने निर्वाचनका लागि जिल्लामा ११ हजार ३२८ जना मतदाता कायम भएका छन् । मुस्ताङका पाँच पालिकामा गरी ३९ वटा मतदान केन्द्र तथा मतदानस्थल रहेका छन् । निर्वाचन सुरक्षाका लागि नेपाल प्रहरीबाट २६६ जना र सशस्त्र प्रहरी बल नेपालबाट ४६ जना गरी ३१२ जना निर्वाचन प्रहरीको भर्ना अभियान अन्तिम चरणमा पुगेको जनाइएको छ ।

निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, धाँदलीरहित र शान्तिपूर्ण रूपमा सम्पन्न गर्न जिल्ला निर्वाचन सुरक्षा योजना तयार भइसकेको मुस्ताङ प्रशासनले जनाएको छ ।

# जलजलामा उत्कृष्ट १० उद्यमी घोषणा

**पोखरापत्र संवाददाता**
पर्वत, १४ माघ

पर्वतको जलजला गाउँपालिकामा उत्कृष्ट १० जना उद्यमी छनौट गरी उद्यमीलाई सम्मान गरिएको छ । गण्डकी प्रदेश सरकार उद्योग तथा पर्यटन मन्त्रालय, जलजला गाउँपालिका र दायित्व संस्थाको सहकार्यमा सञ्चालित वृद्धिमुखी उद्यमशीलता र रोजगारी प्रवर्द्धन कार्यक्रमअन्तर्गत उत्कृष्ट १० भित्र छनौट भएका पालिकाभित्रका उद्यमीहरुलाई सम्मान गरिएको हो ।

उत्कृष्ट २० उद्यमीमा समेटिएकामध्ये उहाँहरुको उद्यमको स्थलगत अनुगमनतर्फ ७५ प्रतिशत र एसएमएस भोटिङतर्फ २५ प्रतिशतको मूल्याङ्कनबाट उत्कृष्ट १० उद्यम घोषणा गरी मङ्गलबार सम्मान गरिएको कार्यक्रमका प्रदेश संयोजक जुनतारा बुढामगरले जानकारी दिनुभयो । उहाँका अनुसार, उत्कृष्ट १० उद्यमीलाई ४० प्रतिशत थप रकम साझेदारी गरी प्रविधि खरिदका लागि जनही नगद रु एक लाख नगद सहयोगसमेत गरिएको छ । उत्कृष्ट उद्यमीको रुपमा टपरी एग्रो प्रालिकी जमूना आचार्य, जलजला कृषि तथा पशुपंक्षी फर्मकी शुभकुमारी कार्की, अभिषेक तरकारी तथा पशुपंक्षी फर्मकी सावित्री खत्री, थापा लोकल मार्टकी कमला बानियाँ थापा, मल्ल ढाका उद्योगकी उषा मल्ल, गोमा गाइभैँसी फर्मका तोपबहादुर क्षेत्री,पाईजा अर्गानिक फलफूल तथा पशुपंक्षी फर्मकी बसन्ती पाइजा, पाइजा नर्सरी फर्मका नरबहादुर पाइजा, राधादेवी पशुपंक्षी तथा कृषि फर्मकी राधिका भुसाल र हरि सुन्तला बगैँचा तथा पशुपंक्षी फर्मकी ताराकुमारी रेग्मी छनौट हुनुभएको हो । गण्डकी प्रदेश सरकारका उद्योग तथा पर्यटनमन्त्री मित्रलाल बस्याल, गाउँपालिकाका अध्यक्ष राजुप्रसाद आचार्य, उपाध्यक्ष दीपक आचार्य, प्रमुख प्रशासकीय अधिकृत खगराज गौतमलगायतले उत्कृष्ट उद्यमीलाई सम्मान गर्नुभएको थियो । उद्यमी सम्मान गर्दै पर्यटन मन्त्री बस्यालले जलजला तरकारी, फलफूल, पशुपालन र लघुउद्यममा सम्भावनायुक्त रहेको बताउनुभयो ।

"अहिले गाउँमा युवापुस्ता पाउनै मुस्किल छ, स्थानीय स्रोतसाधनमा आधारित उद्यमशिलतालाई बढवा दिनुपर्छ, स्वदेशमी स्वरोजगार र आत्मनिर्भरतासंगै रोजगारका अवसर सिर्जना गर्नतर्फ प्रदेश सरकारले जोड दिएको छ", मन्त्री बस्यालले भन्नुभयो । यस कार्यक्रममार्फत गत आव २०८१/२०८२ मा उत्कृष्ट २० मा छनौट भएका उद्यमीहरुलाई न्यूनतम रु ५० हजार बराबरको प्रविधि खरिदका लागि जनही नगद रु २५ हजार पुरक अनुदान प्रदान गरी सकिएको छ भने ४० भित्र परेका तर उत्कृष्ट २० बाट बाहिरिएका २० जना उद्ययमीलाई यो आर्थिक वर्षमा ३४ हजार बराबरको प्रविधि खरिदका लागि जनही नगद रु २० हजार बराबरको पुरक अनुदान प्रदान गरिने भएको छ ।

उत्कृष्ट २० बाट छानिएर आएका १० जना उद्यमीमध्ये एक जनालाई पालिकाको सर्वोकृष्ट उद्यमी घोषणा गरिने कार्यक्रमका फिल्ड अफिसर भगवती पुनले जानकारी दिनुभयो । सर्वोकृष्ट हुने एक जना उद्यमीहलाई उद्यमशीलता विस्तारका लागि थप रु एक लाख ५० हजारको दरले पुरक अनुदान उपलब्ध गराउने व्यवस्था गरिएको छ । यस कार्यक्रमले उद्यमीहरुलाई उद्यमको योजना निर्माण, उद्यमीलाई वृद्धिमुखी योजनासम्बन्धी तालिम दिने, नवप्रवर्द्धनसम्बन्धी प्रविधि सहयोगमा सहयोग गरेको छ । जलजलामा प्रदेश सरकारको रु ४० लाख, पालिकाको रु २० लाख र दायित्व संस्थाको रु १५ लाख बजेटबाट सञ्चालित यस कार्यक्रमले पालिकामा उद्यम प्रवर्द्धन र रोजगारी सिर्जनमा टेवा पुऱ्याउने अपेक्षा गरिएको छ । कार्यक्रम जलजलासँगै बागलुङको बडीगाड गाउँपालिका, गोरखाको सिरानचोक गाउँपालिका, तनहुँको म्याग्दे गाउँपालिका, नवलपुरको हुक्सेकोट गाउँपालिकामा सञ्चालित छ ।

# एउटै गाउँबाट दैनिक १७ सय लिटर दूध उत्पादन

**पोखरापत्र संवाददाता**
तनहुँ, १४ माघ

मिहिनेत गर्न सके स्वदेशमै बसेर विदेशको सरह पैसा कमाउन सकिन्छ भन्ने गतिलो उदाहरण जिल्लाको व्यास नगरपालिका-१३ स्थित बेलबासका पशुपालन किसानले दिएका छन् ।

बेलबास दुग्ध उत्पादक सहकारी संस्थामा आबद्ध भएका ६१ मध्ये ४५ किसान व्यावसायिक रुपमा पशुपालन गरेर समाजमा नमूना कार्य गर्दै आएका हुन् । अहिलेको सुक्खायाममा दूध उत्पादन घट्नुपर्नेमा वृद्धि हुँदै गइरहेको संस्थाका व्यवस्थापक श्रीप्रसाद साँखीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "थोरैमा मासिक रु १५ हजारदेखि दुई लाख बढीसम्म कमाउने दूध व्यवसायी यहाँ रहेका छन् ।"

यसअघि दैनिक एक हजार ६०० लिटर दूध बिक्री हुँदै आएकोमा अहिले एक हजार ७०० लिटर दूध सङ्कलन भइरहेको छ । दूधबाट राम्रै आम्दानी हुने देखेपछि किसान उत्साहित भएर गाई थप्दै जाँदा बेमौसमी सिजनमा दूधको परिणाम बढेको उहाँले बताउनुभयो । उत्पादित दूध बेलबास दुग्ध उत्पादक सहकारी संस्थामार्फत दमौली र पोखराको सुजल डेरी प्रालिमा बिक्री गर्ने गरिएको छ । उत्पादन गरिएको दूध बिक्रीका लागि बजारको कुनै समस्या नभएपछि यहाँका किसान पशुपालनतर्फ आकर्षित भएर लागेका हुन् । दमौली बजारमा सञ्चालनमा ल्याइएको दुई पसलबाट दैनिक ७०० लिटर दूध खपत हुने गरेको छ भने एक दिन बिराएर सुजल डेरीले दुई हजार लिटर दूध पोखरा लैजाने गरेको छ । यहाँका व्यासायिक पशुपालनले परिवारको मात्रै नभई सिङ्गो समाजको मुहारमा परिवर्तन ल्याएको संस्थाका सचिव मेघनाथ आचार्यले बताउनुभयो । उहाँले भन्नुभयो, "आफूले दूध उत्पादन गर्नुका साथै पशुपालन गर्न चाहने किसानका लागि थप उत्प्रेरण जगाउने कार्य गरिएको आभास गर्न थालिएको छ ।" यस क्षेत्रका पशुपालन कृषकले अन्य व्यक्तिका लागि परिश्रम गर्न सकिए केही हुँदोरहेछ भन्ने गतिलो सन्देश दिएका छन् । दूध बिक्रीबाट आएको पैसाले लेनदेन व्यवहारका साथै दैनिक घर खर्च चलाउनमा सजिलो भएको पशुपालक किसान बताउँछन् । कृषकको खरिद मूल्यअनुरुप अहिले दैनिक रु एक लाख ३४ हजार मूल्यको दूध सङ्कलन हुने गरेको छ । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट प्रति लिटर रु तीन र व्यास नगरपालिकाबाट रु दुई अनुदान सहकारीमार्फत पाउने गरेका छन् । व्यावसायिक पशुपालन कृषकलाई राज्यले प्रोत्साहन गर्न दाना, चोकरको महँगी नियन्त्रण र उत्पादनका आधारमा अनुदानलाई प्राथमिकता दिन सके अझै प्रभावकारी हुन सक्ने संस्थाका अध्यक्ष केशवबहादुर थापाले बताउनुभयो । गाउँमै दुग्ध सङ्कलन केन्द्र रहेकाले कृषकले दैनिक बिहान र बेलुका उत्पादन गरेका दूध बिक्री गर्न सहज भएको छ । नगरपालिकाले कृषकलाई प्रोत्साहन गर्न उत्पादनका आधारमा अनुदान प्रदान गर्दै आएको वडाध्यक्ष वसन्तबहादुर आलेले बताउनुभयो ।

# लमजुङमा अलैँची बिक्रीबाट २४ करोड आम्दानी

**पोखरापत्र संवाददाता**
लमजुङ, १४ माघ

जिल्लामा यस वर्ष अलैँचीका दाना बिक्री गरी रु २४ करोड ३० लाख बराबरको आम्दानी भित्रिएको छ । राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइ लमजुङका कृषि अधिकृत हरिबहादुर मिजारका अनुसार चालु आर्थिक वर्षमा जिल्लामा उत्पादित १३५ मेट्रिकटन अलैँची बिक्रीबाट रु २४ करोड ३० बराबरको आम्दानी भएको छ ।

यस वर्ष अलैँची प्रतिकिलो रु एक हजार ८०० देखि रु दुई हजार ५०० सम्ममा बिक्री भएको उहाँले जानकारी दिनुभयो । गत वर्षको तुलनामा यस वर्ष उत्पादन घटे पनि मूल्य वृद्धि हुँदा बढी आम्दानी भएको उहाँको भनाइ छ ।

गत वर्ष शून्य दशमवल चार प्रतिशतले उत्पादन भएको अलैँची यस वर्ष घटेर शून्य दशमलव ३९ प्रतिशत भएको कृषि अधिकृत मिजारले उल्लेख गर्नुभयो । आव २०८१/८२ मा उत्पादित १५० मेट्रिकटन अलैँचीका दाना बिक्रीबाट रु २२ करोड आम्दानी भएको थियो । गत आवमा प्रतिकिलो रु एक हजार ५०० देखि रु दुई हजार ४०० सम्ममा अलैँची बिक्री भएको थियो । यस वर्ष छिमेकी मुलुक भारतमा पनि अलैँची उत्पादनमा कमी आएकाले माग उच्च हुँदा यहाँका किसानले राम्रो मूल्य पाएका परियोजनाका कृषि अधिकृत मिजारले बताउनुभयो । आव २०८०/८१ मा जिल्लाका किसानले २५१ मेट्रिकटन अलैँची बिक्री गरी रु २४ करोड आम्दानी गरेका थिए । मिजारका अनुसार उक्त वर्ष जिल्लाका किसानले प्रतिकिलो रु एक हजार २०० का दरले अलैँची बिक्री गरेका थिए । आव २०७९/८० मा ३८० मेट्रिकटन अलैँची बिक्रीबाट रु २० करोड आम्दानी भएको थियो । उक्त वर्ष प्रतिकिलो अलैँची कम्तीमा रु ५५० देखि रु७०० सम्म बिक्री भएको थियो । आव २०७८/७९ मा ३३५ मेट्रिकटन अलैँची बिक्री गरी रु १५ करोड, आव २०७७/७८ मा तीन हजार ५०० क्विन्टलबाट रु १८ करोड २० लाख, आव २०७६/७७ मा दुई हजार क्विन्टल अलैँची बिक्रीबाट रु १२ करोड आम्दानी भएको परियोजनाले जनाएको छ ।

जिल्लामा ७५० हेक्टर क्षेत्रफलमा अलैँचीखेती हुँदै आए पनि ३७५ हेक्टर क्षेत्रफलमा उत्पादन हुँदै आएको उक्त कार्यालयले जनाएको छ । उक्त परियोजनाले अलैँची जोन पकेट क्षेत्रका रूपमा मर्स्याङ्दी गाउँपालिका, बैँसीसहर नगरपालिका, क्ह्वोंलासोथर गाउँपालिका, दूधपोखरी गाउँपालिका र दोर्दी गाउँपालिकालाई घोषणा गरिसकेको छ । सो क्षेत्रमा सबैभन्दा बढी अलैँची उत्पादन हुने भएकाले पकेट क्षेत्र घोषणा गरिएको हो ।

यस वर्ष सबैभन्दा बढी मर्स्याङ्दी गाउँपालिकाका किसानले अलैँचीको दाना बिक्रीबाट आम्दानी गरेका नेपाल अलैँची व्यवसायी महासङ्घ लमजुङका अध्यक्ष सोमबहादुर तामाङले बताउनुभयो । उहाँले भन्नुभयो, "यस वर्ष अलैँची किसानले राम्रो आम्दानी प्राप्त गर्न सफल हुँदा किसान यस खेतीमा उत्साहित र खुसी भएका छन् ।" जिल्लामा ७०० मिटरदेखि एक हजार २०० मिटर उचाइमा साउन्ने, जिर्मले र डम्बर शाही, एक हजार २०० मिटरदेखि १६ मिटर उचाइमा गोलशाही र एक हजार ६०० देखि दुई हजार २०० मिटर उचाइमा रामशाही र भलाङे जातका अलैँचीका बिरुवा लगाइएका छन् । यहाँ विसं २०४१ देखि अलैँचीखेती विस्तार हुँदै आएको हो । अलैँचीखेतीले जिल्लाका किसानको जीवनसमेत परिवर्तन गरेको छ । विदेशिएका युवासमेत फर्किएर अलैँचीखेती विस्तार गरेका छन् । सोमध्ये अजय तामाङ, सोमबहादुर तामाङ, बलराम लामालगायत विदेशबाट फर्किएर एक दशक अघिदेखि अलैँचीखेती गरिरहेका छन् । उहाँहरूको अहिले वार्षिक रु पाँच लाखदेखि रु १० लाखभन्दा बढी आम्दानी हुने सोमबहादुरले जानकारी दिनुभयो ।

अलैँचीखेतीले स्थानीयको आर्थिक अवस्था सुधार हुनुका साथै जीवनशैली परिवर्तन भएको छ । सोही कारणले जिल्लाका किसान पछिल्लो समय अलैँचीखेती विस्तार गर्नतर्फ आकर्षित हुँदै गएका परियोजना कार्यालयले जनाएको छ । जिल्लामा करिब तीन हजार किसान अलैँचीखेतीमा आबद्ध छन् ।

# हिमपातले किसान खुसी, जनजीवन भने कष्टकर

**पोखरापत्र संवाददाता**
मनाङ, १४ माघ

हिमाली जिल्ला मनाङमा हिमपात हुने महिना हो पुस र माघ । पहाडी र तराई क्षेत्रमा वर्षा हुँदा हिमाली क्षेत्रमा हिमपात हुन्छ ।

हिमपात भएपछि यहाँका डाँडाकाँडा, खोला, नदी, ताल पूर्णरूपमा जमेका छन् भने हिमपातले सेताम्मे देखिएको छ । यसअघि गत कात्तिक १० र ११ गते हिमपात भएको थियो । मङ्सिर र पुस महिनामा हिउँ परेन । माथिल्लो मनाङको खाङसार, मनाङ गाउँ, टङ्की मनाङ गाउँ, घ्यारु, ङावललगायत गाउँ अहिले हिउँले ढाकिएको मनाङ डिस्याङ गाउँपालिका-५ भ्राकाका घ्याम्चो गुरुङले बताउनुभयो । उहाँले भन्नुभयो, "मनाङका गाउँतिर करिब एक फिटभन्दा बढी हिउँ परेको छ । यसले किसान भएका छन् । हिउँ परेपछि यहाँको उत्पादन बढ्ने हो । हिउँ पर्दा जनजीवन केही दिन भने कष्टकर हुन्छ ।"

हिमपातका कारण स्थानीय र पर्यटक प्रभावित भएका छन् । नियमित कामका लागि स्थानीय घरबाहिर निस्कन मुस्किल भएको छ । पर्यटक पनि रोकिएका छन् । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) मनाङका लेखापाल उमाकान्त सापकोटाका अनुसार अहिले पनि हिमपात भइरहेको छ । चक्रिय अन्नपूर्ण पदमार्गमा रहेका पर्यटक गन्तव्यतर्फ जानबाट रोकिएको उहाँले बताउनुभयो ।

प्रमुख जिल्ला अधिकारी नवराज पौड्याललले माथिल्लो मनाङ (मनाङ डिस्याङ) गाउँपालिकामा गए रातिदेखि हिमपात भइरहेको जानकारी दिनुभयो । सदरमुकाम चामेमा हिउँ पर्न रोकिएर पानी परिरहेको छ । "तल्लो मनाङ (नासों गाउँपालिका) को अधिकांश ठाउँमा पानी परिरहेको छ । मौसम बदली भइरहेको छ । नार्पाभूमितिर गोठाला १०/१२ जनाबाहेक नभएको सूचना पाएका छौँ", प्रजिअ पौड्याललले भन्नुभयो, "तर, मौसम बदली तथा हिमपात र उक्त भूगोलमा सञ्चारको पहुँच पनि कम हुँदा त्यता कसैसँग सम्पर्क भएको छैन, सायद हिमपातले केही कठिनाइ भएको हुनसक्छ ।" माथिल्लो मनाङमा दुई फिटसम्म हिउँ परेको जानकारी प्राप्त भएको उहाँको भनाइ छ । यतिबेला परेको हिउँ पछिसम्म रहने र सिँचाइको काम गर्ने भएकाले किसान भने खुसी देखिएका हुन् ।


## डिभिजन वन कार्यालय कास्कीको

## आहारा सप्लाई सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना ।

**दोस्रो पटक प्रकाशित मितिः २०८२।१०।१५ गते बिहीवार**

यस डिभिजन वन कार्यालय, कास्की अर्न्तगत पोखरा महानगरपालकि वडा नं.३१ पचभैयामा संचालित पचभैया वन्यजन्तु उद्धार केन्द्रमा कायमा रहने वन्यजन्तु तथा चराचुरुङ्गीहरुको संख्या जम्मा ४९ र पछि थपघट हुने समेत हुन सक्ने भएकोले सो को लागि आवश्यक आहाराको ठेक्का सम्बन्धी शिलवन्दी दरभाउपत्र अनुसार मिति २०८२।११।११ गते देखि २०८३ असार मसन्तसम्म (करीव १४० दिनको लागि) आहारा ठेक्का सम्वन्धी १५ दिने सूचना प्रकाशन गरिएको छ । आहार सप्लाई गर्न ईच्छुक व्यक्ति, फर्म, विक्रेता तथा सप्लायर्सहरुले यो सूचना प्रकाशित भएको मितिले १५ औ दिनसम्म कार्यालय समयभित्र डिभिजन वन कार्यालय,कास्कीबाट दरभाउपत्र खरिद गर्न सकिनेछ । १६ औं दिनको १२.०० सम्म शिलवन्दी दरभाउपत्र भरी पेश गर्नुपर्नेछ । सो सम्बन्धी विस्तृत सूचना सार्वजनिक ऐन २०६३ तथा सार्वजनिक खरिद नियामवली २०६४ बमोजिम जिल्ला प्रशासन कार्यालय, कास्की, प्रदेश लेखा नियन्त्रक कार्यालय, कास्की, जिल्ला समन्वय समितिको कार्यालय, कास्की र यस कार्यालयको सूचना पाटीमा समेत टाँस गरिएको छ । शिलवन्दी दरभाउपत्र यस कार्यालयबाट आ.व.२०८१/०८२ सम्मको करचुक्ता प्रमाणपत्र/म्याद थप प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र र नवीकरण सहितको ईजाजतपत्र साथै रा.व.वैक पृथ्वीचोक शाखामा रहेको कार्यालय कोड नं.३२९०१३९०३४ राजश्व शीर्षक नं.१४२२९ मा रु.१०००.० (अक्षरुपी एक हजार मात्र) नगद जम्मा गरेको सक्कल राजस्व वैक भौचर पेश गरी खरिद गर्न सकिनेछ ।

डिभिजनल वन अधिकृत